नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९  स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३०  अंक ३६  २०७७ साल भदौं १३ गते शनिबार (29 Aug 2020 Saturday)  मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : बन्दाबन्दीमै रेलको ... ३ पृष्ठमा : सेनामार्फत सञ्चालित.. ३ पृष्ठमा : बाढीका कारण अफगानिस्तानमा ...

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मौखिक वा विद्युतिय माध्यमबाट कसूरको सूचना दिन सकिने,
- पक्राउ गर्नु अघि मुद्दा हेर्ने अधिकारीबाट पक्राउ पूर्जी जारि गर्नु पर्ने,
- सरकार वादी हुने फौजदारी कसूर सम्बन्धमा मुद्दा नचलाउने निर्णय गरिएमा जाहेरवाला वा पीडितलाई सूचना दिनु पर्ने,
- अभियुक्तले कसूर स्वीकार नगरेको अवस्थामा मुद्दामा ठहर गर्नु कुरा यकिन गर्न अदालतले वादी प्रतिवादीबीच छलफल गगराउन सक्ने,
- अदालतको अधिकारक्षेत्र र हदम्याद सम्बन्धी विषयमा पहिले निर्णय गर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# पोखरीमा डुबेको सात घण्टापछि बालिका जिउँदै निस्किन



पोखरीमा डुबेको सात घण्टापछि जिउँदै निस्किएकी १४ वर्षिया बालिका मुनचुन । ***तस्बिर : राजविराज दैनिक***

**दैनिक समाचारदाता**
**राजविराज, १२ भदौं ।**

सप्तरीमा एक आश्चर्यचकित एक घटना भएको छ । पोखरीमा डुबेको सात घण्टापछि एक बालिका जिउँदो बाहिर निस्किएकी छिन् । यस घटनाले अहिले जिल्लावासी आश्चर्यचकित भएका छन् ।

जिल्लाको बलानको बलाबिहुल गाउँपालिका वडा नं. ६ स्थित रौतहटमा एक पोखरीमा डुबेकी बालिका बिहीबार मध्यरात १२ बजे जिवितै फर्किएकी हुन । बडकी पोखरीको नाम रहेको उक्त पोखरीमा बेलुका ५ बजे कमलको फुल टिप्न गएकी ती बालिका डुबेकी थिइन ।

स्थानिय १४ वर्षीया बालिका मुनचुन कुमारी दास पानीमा डुबेको खबर उनीसंगै गएकी बालिकाहरुले गाउँमा आएर खवर पुर्‍याएपछि स्थानीहरु पोखरीको डिलमा बालिकालाई खोज्न पुगेको थिए ।

बालिका पानीमा फेला नपरेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । प्रहरी चौकी रामनगर कोदरकटटीबाट प्रहरी सहायक निरीक्षक राम विनय सिंहको नेतृत्वमा बालिका खोज्न प्रहरी समेत खटिएको थियो । प्रहरी र स्थानियहरु पानीमा घण्टौसम्म बालिकालाई खोज्दा फेला परेन ।

अचानक राती करिब १२:२० बजे पोखरीको डिलमै रहेको कदमको रुख मुनी बालिका रुदै गरेको अवस्थामा फेला परेपछि स्थानीयहरु चकित भएका थिए ।

बालिका दासले भनिन्, "पोखरीमा कमलको फूल टिप्न ५ बजेको पसेको बताइन । फूल टिप्न लाग्दा थरीथरीको फूल भेटन थालेको थियो । तर, कुनैपनि फूल टिप्न सकिरहेको थिइन । यसै क्रममा पोखरी पनि सुकेको देखियो । त्यही बेला पहेलो रंगको धोती लगाएको एक बाबा आए र भने दुई/चार दिन बस्नु । त्यसपछि घरसम्म पुर्‍याइ दिन्छु । तर, मैले रुन

***बाँकी तीन पृष्ठमा***

**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सार्वजनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# प्रदेश सरकारद्वारा थप १ हजार ५ सय भिटिएम प्रदान

**दैनिक समाचारदाता**
**राजविराज, १२ भदौं ।**

प्रदेश २ सरकारले राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा कोरोना परिक्षणलाई तिब्र बनाउन थप १ हजार ५ सय भिटिएम उपलब्ध गराएको छ ।

केही दिनअघि देखी यस अस्पतालमा भिटिएमको अभावका कारण परिक्षण सुस्त गतिमा हुँदै आएको थियो । प्रदेश २ सरकारको प्रादेशिक स्वास्थ्य आपूर्ती, व्यवस्थापन केन्द्रमार्फत शुक्रबार अस्पतालको पिसिआर प्रयोगशालाका लागि १ सय ५ सय थान भिटिएम प्रादान गरेको हो ।

जिल्लामा कोरोना परिक्षणको दायरा बढाउँदै लगेपछि केही दिनयता दैनिक २ सय देखी ३ सयसम्म आसंकितहरुको स्वाब संकलन गरि पिसिआर परिक्षण थालिएपछि भिटिएमको अभाव हुन गएको थियो ।

पछिल्लो पटक १ सय २० थान मात्र भिटिएम स्टक रहँदा

***बाँकी अन्तिम पृष्ठमा***

NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू



ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नें ।"*

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit
WESTERN UNION MONEY TRANSFER
prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
Best Remit Quick & Easy
CITY EXPRESS
IME pay wallet
MoneyGram money transfer

## सम्पादकीय

# बाढी नियन्त्रणको पूर्वतयारी आवश्यक

सप्तरीमा हरेक वर्ष दैविक प्रकोपका घटनाका कारण निकै धनमालको क्षति हुने गरेको छ । खास गरि बाढीका कारण जिल्लामा हरेक वर्ष सयौं विगहा धानबाली नष्ट हुनुका साथै धनजनमा समेत क्षति हुने गरेको छ । यद्दपी यस वर्ष वर्षा भएपनि बाढीले खासै क्षति गरेको पाइएन् । तर यस वर्ष बाढीले क्षति नगरेपनि आउँदो दिनहरुमा बाढीले गर्ने क्षतिबारे पूर्वानुमान गरेर त्यसको न्युनिकरण र नियन्त्रणका लागि अहिले देखी नै रणनीतिक योजना बनाउन आवश्यक छ। जसले गर्दा प्रकोप आउनु अघि नै जनता सतर्क र सावधानी अपनाउन सकोस् ।

यसका लागि जिल्लाको अतिप्रभावित बाढी क्षेत्रहरुमा निरिक्षण र अनुमगन गरि त्यसको लागि तयारी गर्नुपर्ने देखिन्छ । जिल्लामा खाँडो नदी, त्रियुगा नदी, जित नदी, महुली खोला लगायत सप्तकोशी नदीको पानीले मानवबस्तिका साथै बालीहरुमा निकै क्षति पुग्ने गर्दछ । ती नदीको पानीलाई नियन्त्रण गर्न र अपनाउनु पर्ने सावधानीप्रति स्थानिय निकायले ठोस कदम चाल्नु पर्ने आवश्यकता रहेको छ ।

तसर्थ बाढीपूर्व तयारीका लागि अहिलेदेखी नै विभिन्न योजनाका साथ सावधानी अपनाउनु पर्ने खालका रणनीति बनाउन सकियो भने मात्र आउँदो दिनहरुमा जनता सतर्क रहन सक्छन् ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# बन्दाबन्दीमै रेलको कामले गति लिँदै

महोत्तरी, १२ भदौ रासस) ।

कोरोना भाइरसको सङ्क्रमण छल्न जिल्ला प्रशासन कार्यालय महोत्तरीले जिल्लाभरि नै जारी गरेको कर्फ्यू (निषेधाज्ञा) आदेशको अवधि थपेको छ । भदौ १ गतेदेखि १० दिनलाई जारी गरिएको कर्फ्यू पछिल्लो पटक पाँच दिन थपिएको छ ।

बन्दाबन्दीको यो अवस्थाभित्रै जयनगर-जनकपुर-बर्दिवास रेल्वेको निर्माण कार्यमा भने कामदार अहोरात्र लागेका देखिँदा छन् । ठूला टिपर माटो ओसारिरहेका छन् भने लिक ओछ्याइने ठाउँमा सम्याउने मेसिनले माटो मिलाइरहेका छन् । बन्दाबन्दीकै बीच महोत्तरीको भङ्गाहा नगरपालिका-५ स्थित प्रस्तावित बिजलपुरा स्टेसन पुगेका सञ्चारकर्मीसँग माटो, ग्रेवल ओछ्याउने र पुलपुलेसाको कामको जिम्मेवारी लिएको कालिका रमण जेभी कम्पनीका परियोजना प्रबन्धक रामविनोद मण्डलले भन्नुभयो, "हाम्रो जिम्मेवारीको काम दुई महिनाभित्र सम्पन्न गर्नेछौँ ।"

जयनगर-जनकपुर-बर्दिवास रेल्वेको ६९ किलोमिटर दूरीमध्ये अहिले जयनगरदेखि भङ्गाहा-५ को बडहरी नदीसम्मको ५२ किलोमिटर दूरीभित्र कतै निर्माण काम सम्पन्न भएका छन् र कतै निर्माणको चरणमा छन् । जयनगरदेखि कुर्थासम्म ३४ किलोमिटरभित्रको निर्माण कार्य सम्पन्न भएर अब रेल चल्ने तयारीमा पुगेको छ। कुर्थादेखि भङ्गाहा-५ बडहरी नदीसम्मको १८ किलोमिटरमध्ये प्रस्तावित बिजलपुरा स्टेसनबाट कुर्थासम्मको १७ किलोमिटर दूरीमा अब लिक ओछ्याउने चरणमा काम पुगेको छ । बिजलपुरा स्टेसनबाट बडहरी नदीसम्मको करिब एक किलोमिटर दूरीमा भने माटो ओछ्याउने र सम्याउने काम भइरहेको मण्डलले जानकारी दिनुभयो ।

"हेर्दै हुनुहुन्छ, हामी अहिले माटो भर्ने र सम्याउने काम गर्दैछौँ", मण्डलले भन्नुभयो, "अब दुई महिनाभित्रै पहिलो पत्रको ब्लाईकेटिङ (ग्रेवल) ओछ्याइसक्नेछौँ, त्यसपछि कामको अर्को चरण प्रवेश गर्नेछ ।" कुर्थादेखि बिजलपुरासम्ममा दुईवटा ससाना पुलेसा (कल्भर्ट) बाहेक अन्य ठूला पुल बनिसकेको हुँदा अब पटरी ओछ्याएर लिक जडान गर्ने चरणमा काम पुगेको मण्डलको भनाइ छ ।

जयनगरदेखि बर्दिवाससम्मको कूल ६९ किमीमध्ये काम सम्पन्न भएको ३४ किमी र काम भइरहेको १८ किमी दूरीभित्र मुख्य निर्माण कम्पनी (भारतीय) इर्कोन इन्टरनेसनलमातहत दुईवटा नेपालका निर्माण कम्पनीले प्रारम्भिक काम (माटो ओछ्याउने, सम्याउने, ग्रेवल ओछ्याउने र ससाना पुलेसा बनाउने) को जिम्मा पाएका हुन् । त्यसमध्ये जयनगरदेखि कपलेश्वरसम्म नायफ इन्फ्रास्ट्रक्चर कम्पनीको क्षेत्रमा सबै निर्माण कार्य नै सम्पन्न भइसकेको र आफ्नो जिम्मेवारीको कपलेश्वरदेखि बडहरी नदीसम्मको काममध्ये अब प्रारम्भिक काम एक किलोमिटर दूरीको मात्र बाँकी रहेको कालिका रमण जेभीका परियोजना प्रबन्धक मण्डलको भनाइ छ ।

जयनगर-जनकपुर-बर्दिवास रेल्वेको जयनगरदेखि कुर्थासम्मको ३४ किलोमिटर दूरीको निर्माण काम सम्पन्न भएर रेल सञ्चालनको चरणमा पुगेको छ। पछिल्लो कालमा रेलका डब्बा र इञ्जिन किनिएर सीमावर्ती भारतको रेल्वे जक्सनमा आइपुगेको रेल विभागले जनाएको छ तर कोरोना सङ्क्रमणको सन्त्रास छल्न नेपाल/भारत दुवैतिर बन्दाबन्दीको अवस्था रहेको र रेल सञ्चालनका लागि आवश्यक दक्ष जनशक्ति व्यवस्थापनको काम नटुङ्गिएको हुँदा केही विलम्ब भएको विभागका महानिर्देशक बलराम मिश्रले बताउनुभयो । यद्यपि सन् २०२० भित्रै जयनगरदेखि कुर्थासम्म रेल सञ्चालन भइसक्ने मिश्रको भनाइ छ । "जयनगरदेखि कुर्थासम्म हामी रेल सञ्चालनको चरणमा पुगेका छौँ, कुर्थादेखि बिजलपुरा स्टेसनसम्म धमाधम निर्माणका काम भइरहेका छन्", महानिर्देशक मिश्रले टेलिफोन सम्वादमा भन्नुभयो, "यस खण्ड ( कुर्थादेखि बडहरी नदीसम्म) को काम पनि यसै आर्थिक वर्षभित्रै सम्पन्न हुने विश्वास छ ।"

कुर्थादेखि बिजलपुरा स्टेसन नजिकको बडहरी नदीसम्म धमाधम काम भइरहे पनि भङ्गाहा-५ को बडहरी नदीदेखि बर्दिवाससम्मको कामको भने अझै चालचुल नै देखिँदैन । भङ्गाहा-५ को बडहरी नदीबाट बर्दिवाससम्मको खण्डमा अझै जग्गा मुआब्जा प्रकरण टुङ्गोमा नपुग्दा यस खण्डमा निर्माण काम अघि बढ्न नसकेको विभागले जनाएको छ । यस खण्डमा भङ्गाहा-४ र बर्दिवास-६ र ७ ( साविक किसाननगर गाविस) को मुआब्जा निर्धारण भइसके पनि जग्गाधनीले रकमको दावी नै गरेका छैनन् । यस खण्डको बर्दिवास-१ ( साविक बर्दिवास गाविस) र धनुषा जिल्लाको मिथिला नगरपालिका-९ र १० (साविक बेङ्गाडावर गाविस) को मुआब्जा निर्धारण हुन नसक्दा काम अघि नबढेको हो ।

मुआब्जा निर्धारणका लागि सरकारलाई सिफारिस गर्न प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्लास्तरीय मुआब्जा निर्धारण समिति रहने व्यवस्था छ । अहिले बर्दिवासको मुआब्जा टुङ्ग्याउन विभिन्न सरोकारवाला पक्षसँग समन्वय गरेर मुआब्जा निर्धारण गरेर सिफारिस गर्ने तयारी गरिएको महोत्तरीका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटुवालले जानकारी दिनुभएको छ । "बर्दिवासको मुआब्जा निर्धारणका लागि निर्णायक छलफलमा छौँ", प्रमुख जिल्ला अधिकारी कटुवालले भन्नुभयो, "धनुषासँग पनि समन्वय गरिँदैछ, यो काम चाँडै टुङ्गिने क्रममा छ ।" मुआब्जा निर्धारणको काम टुङ्गिने बितिक्कै यो खण्डमा निर्माण कार्यको प्रक्रिया शुरु हुने रेल विभागले जनाएको छ ।

भारत सरकारको रु सात अर्ब २० करोडको आर्थिक सहयोगमा जयनगर-जनकपुर-बर्दिवास ब्रोडगेज रेल्बे विस्तारको काम सन् २०१४ मा शुरु गरिएको हो । शुरुमा सन् २०१७ भित्रै काम सम्पन्न गर्ने लक्ष भए पनि बीचबीचमा भएका आन्दोलन, भूकम्प र पछिल्लो चरणमा कोरोना सङ्क्रमणको सन्त्रासले निश्चित समयभित्र काम सम्पन्न हुन नसकेको विभागले जनाउँदै आएको छ ।

विसं १९९४ शुरु भएको बिजलपुरा (भङ्गाहा महोत्तरी)-जनकपुर(धनुषा)-जयनगर (भारत) ५१ किमी रेलमार्ग २०५८ सालमा बाढीले बिग्हीपुल (लोहारपट्टी, महोत्तरी) भत्काएपछि रेल सेवा जनकपुर-जयनगर २९ किमीमा सीमित भएको थियो । यो रेलमार्गमा पनि स्तरोन्नतिको काम शुरु गरिएसँगै विभागले विसं २०७० मै रेल सेवा बन्द गराएको थियो ।

## काठमाडौँ-रक्सौल रेलमार्गको अध्ययनअघि बढाउन भारत इच्छुक

काठमाडौँ, १२ भदौ (रासस) ।

काठमाडौँ-रक्सौल रेलमार्गको अध्ययन अघि बढाउन भारत सरकारले चासो देखाएको छ । अध्ययनका लागि भारतीय टोली नेपाल आउन चाहेको भएपनि कोभिड-१९ कारण तत्काल अनुमति दिन नसकिएको रेल विभागले जनाएको छ ।

रेल विभागले उनीहरुलाई नेपाल आउन अनुमतिका लागि गृह मन्त्रालयलाई भनेको छ । कोभिड सङ्क्रमण फैलिरहेकाले तत्काल उनीहरु आउन दिने अवस्था नरहेको उहाँको भनाइ छ । अझै एक दुई महिनासम्म टोलीलाई

*बाँकी तीन पृष्ठमा*


हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिंकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

यी रोगसँ बचबाक लेल की करैय परतई ?

- खोकैत आऽ छिंकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

आरो ध्यान देववाला बात :

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

अनुरोधकर्ता - हरेराम यादव

अध्यक्ष

रूपनी गाउँपालिका, सप्तरी

# सेनामार्फत सञ्चालित पाँच आयोजनाको वार्षिक कार्य प्रगति ८० प्रतिशत

काठमाडौँ, १२ भदौ (रासस)।

नेपाली सेनाको व्यवस्थापनमा आव २०७६/७७ मा मुलुकमा सञ्चालन रहेकामध्ये पाँच आयोजनाको लक्ष्यको वार्षिक कार्य प्रगति ८० प्रतिशत भन्दामाथि रहेको पाइएको छ। रक्षा मन्त्रालयअन्तर्गत सञ्चालित विभिन्न प्राथमिकता प्राप्त तथा राष्ट्रिय महत्वका आयोजनामध्ये बङ्करदेखि ब्यारेकसम्म कार्यक्रमको कार्यप्रगति सबैभन्दा अब्बल देखिएको छ। उक्त कार्यक्रमअन्तर्गत १२१ वटा भवन सेनाले निर्धारित समय अघि नै पूरा गरेको छ।

उक्त आर्थिक वर्षमा त्यस कार्यक्रमका लागि रु १ अर्ब ८२ करोड ११ लाख ७१ बजेट विनियोजन भएकामा त्यस बजेटबाटै सेनाले थप १८ वटा पूर्वाधार निर्माण गरेको रक्षा मन्त्रालयले जनाएको छ। कोभिड-१९ का कारण मुलुकका धेरै आयोजना अलपत्र अवस्थामा रहेका बेला यो कार्यक्रमको वार्षिक कार्यप्रगति १०२.५ प्रतिशत छ। जुन अरु आयोजनाको तुलनामा निकै प्रशंसनीय मन्त्रालयले जनाएको छ।

सेनाकै व्यवस्थापनमा निर्माणाधिन कालीगण्डकी करिडोरको वार्षिक लक्ष्यको कार्यप्रगति पनि शतप्रतिशत रहेको तथ्याङ्क प्रस्तुत गरिएको छ। उक्त आयोजनाका लागि उक्त आर्थिक वर्षमा रु २५ करोड रकम विनियोजन भएको थियो। त्यस्तै कर्णाली करिडोरको ९३ प्रतिशत र बेनीघाट-आरुघाट-लार्केभञ्ज्याङ सडकको वार्षिक कार्यप्रगति लक्ष्यको शतप्रतिशत नै भएको विवरण प्रस्तुत भएको छ। कर्णाली करिडोरलाई रु ३५ करोड तथा बेनीघाट-आरुघाट-लार्केज्याङ सडकलाई ११ करोड ७५ लाख रकम छुट्याएको थियो। दार्चुला-घाँटीबगर गोरेटो ट्र्याक निर्माण पनि उक्त आर्थिक वर्षमा लक्ष्यको ८० प्रतिशत काम पूरा भएको छ।

**द्रुतमार्गको प्रगति ४२.८ मात्रै**

रक्षा मन्त्रालय मातहत वार्षिक लक्ष्यको ५० प्रतिशत प्रगति हासिल नभएका आयोजनाको सूचीमा द्रुतमार्ग, राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय र भूकम्पबाट क्षतिग्रस्त भौतिक संरचना पुनःनिर्माण परेका छन्। मुलुककै सर्वाधिक चर्चामा रहेको राष्ट्रिय गौरवको काठमाडौँ-तराई-मधेश द्रुतमार्ग सडक आयोजनाको वार्षिक कार्यप्रगति भने ४२.८ मा खुम्चिएको छ। आर्थिक वर्ष २०७६/७७ मा उक्त आयोजना अघि बढाउने सन्दर्भमा डिपीआर स्वीकृति र अन्तर्राष्ट्रिय परामर्शदाता छनोटमा भएको ढिलाइले प्रभाव पारेको थियो। आयोजनाको 'होलिस्टिक प्लान र टेण्डर डकुमेन्ट' तयारीमा बढी समय खर्चनु परेकाले पनि लक्ष्य प्राप्तिमा कठिनाइ परेको मन्त्रालयको भनाइ छ। लकडाउनका कारण आवश्यक उपकरणसहित प्राविधिक परिचालनमा परेको समस्याले पनि लक्ष्यअनुरुप प्रगति हासिल गर्न बाधा पुगेको हो। उक्त द्रुतमार्गका लागि रु ४ अर्ब ४६ करोड १४ लाख बजेट विनियोजन भएको थियो।

राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय स्थापनासम्बन्धी पूर्व तयारी कार्यमा सो आवमा लक्ष्य ४०.२९ मात्रै काम भएको पाइएको छ। सो अवधिमा पूर्वाधार निर्माण समिति गठन आदेश स्वीकृत, विस्तृत अवधारण पात्रको मस्यौदामा छलफल र सांगठानिक संरचना तयार गर्ने कार्य भइरहेको मन्त्रालयले जनाएको छ। सरकारले काभ्रेको साँगा भन्ज्याङमा ७४० रोपनी क्षेत्रफलमा उक्त विश्वविद्यालय निर्माण गर्ने निर्णय गरेको छ। उच्च शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्ने विधेयक निर्माण हुने क्रममा रहेकाले उक्त विश्वविद्यालयको विधान विधेयकमा समावेश गर्नुपर्ने अवधारणको अध्ययन भइरहेको जानकारी दिएको छ।

विश्व विद्यालय भवन र पूर्वाधार निर्माणको विस्तृत परियोजना प्रतिवेदन(डिपीआर)को प्रारम्भिक प्रतिवेदन तयार भएको बताइएको छ। उक्त आयोजनाका लागि रु २० करोड बजेट विनियोजन भएको थियो। भूकम्पबाट क्षतिग्रस्त भौतिक संरचनाको पुनःनिर्माण कार्यको उक्त आवमा लक्ष्यको ३० प्रतिशत मात्र काम भएको छ। भूकम्पबाट क्षतिग्रस्त पुनःनिर्माण गर्न बाँकी १३९ भौतिक संरचनाको लागि रु २ अर्ब ७८ करोड ९९ हजार माग भएकोमा सोअनुसार रकम विनियोजन नहुँदा जवान केन्द्रित आधारभूत भौतिक पूर्वाधार निर्माण कार्ययोजनामा नै प्रभाव परेको बताइएको छ। सो कार्यका लागि रु ८ करोड १५ लाख मात्र बजेट विनियोजन भएको थियो। ढिलो बजेट निकासा भएको र बन्दाबन्दीका कारण कामदार र सामग्री ढुवानी समस्या भएपछि लक्ष्य हासिल गर्न नसकिएको प्रगति विवरणमा उल्लेख छ।

**अबको बाटो**

राष्ट्रिय प्राथमिकता प्राप्त कालीगण्डकी करिडोर, कर्णाली करिडोर, बेनीघाट-आरुघाट-लार्के भञ्ज्याङ्ग, खाँदबारी-संखुवासभा, दार्चुला-टिंकरलगायत आयोजनाको लक्ष्य प्राप्त गर्न आवको शुरुमै पर्याप्त बजेट विनियोजन र अख्तियारी प्रदान गर्नुपर्ने मन्त्रालयको सुझाव छ। काठमाडौँ-तराई-मधेश द्रुतमार्गको खोकना क्षेत्रको जग्गाको मुआब्जा वितरणसम्बन्धी विवादको यथाशीघ्र समाधान र निर्माणस्थल आसपासका वन जङ्गल, खोलानाला, खानी, ऐलानी तथा सरकारी जग्गाबाट निर्माण सामग्री स्थानीयस्तरमा उत्खनन गरी सहजरूपमा प्रयोग गर्न स्पष्ट कानूनी व्यवस्था आवश्यक रहेको मन्त्रालयले जनाएको छ।

### *काठमाडौँ-रक्सौल ...*

बोलाउन नसकिने हुनसक्छ। उहाँले भन्नुभयो, "कोभिड सङ्क्रमण कम भएपछि मात्रै अघि बढ्न सक्छ।"

दुई वर्ष पहिले नेपालमा सम्पन्न भएको बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक) को चौथो शिखर सम्मेलनका क्रममा सो रेलमार्ग निर्माणको सम्झौता भएको थियो। भारत सरकारले आफ्नै लगानी र प्रविधिको प्रयोग गरेर सो रेलमार्गको अध्ययन गर्ने सहमति भएको थियो। नेपाल र भारतीय पक्षबीच भएको सहमतिमा प्रधानमन्त्री केपी शर्मा ओली र उहाँका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको उपस्थिति थियो।

भारत सरकारकै आर्थिक र प्राविधिक सहयोगमा सीमा क्षेत्रमा पाँच स्थानमा रेल निर्माणको समझदारी भएको थियो। सम्झौतानुसार जयनगर-कुर्था र विराटनगर-जोगबनी दुई स्थानमा निर्माण अघि बढीसकेको छ। सीमा क्षेत्रमा निर्माण गर्ने भनिएको अरु तीन रेलमार्गमा जलपाइगुडी-काँकडभिट्टा, नौतनहवा-भैरहवा र नेपालगञ्जरोड-नेपालगञ्ज रहेका छन्।

### *पोखरीमा डुबेको ...*

कराउन थालेपछि बाबाले अरु धेरै कुराहरु भनेको थियो, बुझ्न सकिएन। करिब १२ बजे सुकेकै पोखरीबाट निस्किएको घर फर्किए।" यता पोखरीमा पानी भने थिएन।

हाल सो घटनाका कारण वरिपरि गाउँका सयौं मानिसहरु पोखरीको डिलमा भिड भएका छन्। पोखरी डिलमा रहेका ठाकुर बाबा मन्दिरको देवीको चमत्कारका कारण बालिका फर्किएको भन्दै भेटी चढाउनेको समेत भिड लागेको छ। पोखरी र पोखरीको डिलमा रहेको मन्दिरको पुजारी लुचाई दासले यस पोखरीमा अदभुत शक्ति रहेको बताए।


## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

**विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक ब्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।**

**बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक**

**शाखा : सिंहदरबार परिसर**

**खाताको नाम : कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कोष**

**खाता नं.: १९६०००००११०१**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


## विश्व समाचार

### बाढीका कारण अफगानिस्तानमा १ सय २० जनाको मृत्यु

काबुल, १२ भदौ (रासस/एएनआई)।

अफगानिस्तानमा हालैका दिनमा आएको बाढीका कारण १२० जनाको मृत्यु भएको समाचारमा जनाइएको छ।

गएको दुई दिनदेखि अफगानिस्तानमा जारी निरन्तर वर्षाका कारण भिषण बाढी आएको र सो बाढीमा परी १२० जनाको मृत्यु भएको र अरु १५० जना घाइते भएका यहाँका सुरक्षा अधिकारीहरुले जानकारी दिएका छन्। ती घटना देशका कम्तीमा पनि १२ ओटा प्रान्तमा भएको यहाँका विपद् व्यवस्थापनसम्बन्धी राज्यमन्त्री बहुद्दिन जिलानीले जानकारी दिएका हुन्।

स्थानीय अधिकारीकाअनुसार पार्वान प्रान्तमा मात्रै ८५ जनाको मृत्यु भएको छ भने त्यहाँ १०० जना भन्दा बढी घाइते भएका छन्।

बढीको क्रम निरन्तर रहेकोले कतिपय प्रान्तका ठाउँमा उद्धारकर्ताले प्रभावकारीरुपमा उद्धारको काम गर्न नसकेको र कतिपय व्यक्तिको शव पनि नभेटिएको टोलो न्युजले समाचार सम्प्रेषण गरेको छ।

विभिन्न क्षेत्रमा खटिएका ती उद्धारकर्ताले हराइरहेकाको शव भेट्टाउन तथा मानिसलाई जीवितै उद्धार गर्न सकिन्छ की भनेर अहिले पनि प्रयास जारी राखेको जनाएका छन्।

उनीहरुले हराएका व्यक्तिको खोजी जारी राखेका तर पनि अहिले पनि वर्षा नरोकिएकोले उद्धारको काम गाह्रो भइरहेको बताएका छन्।

पीडितमध्ये अधिकांश महिला र बालबालिका रहेका उद्धारमा खटिएका व्यक्तिहरुले जनाएका छन्। स्थानीय समयअनुसार बुधबार दिउँसो झण्डै ३ बजेतिरबाट विनाशकारी बाढी आएको थियो।

त्यसैगरी कापिसा प्रान्तको कोभान्ड जिल्लामा बाढीका कारण कम्तीमा दश जनाको मृत्यु भएको छ भने अरु दश जना घाइते भएका छन्।

### भारतमा एकैदिनमा अहिलेसम्मकै सबैभन्दा धेरै ७७ हजार संक्रमित

नयाँदिल्ली, १२ भदौ (रासस/एएनआई)।

भारतमा कोरानाभाइरसबाट एकैदिनमा अहिलेसम्मकै सबैभन्दा धेरै ७७ हजारभन्दा बढी सङ्क्रमित भएका छन्।

सरकारी अधिकारीले शुक्रबार दिएको जानकारीअनुसार भारतमा पछिल्लो २४ घण्टामा ७७ हजार २६६ जना सङ्क्रमित भएका हुन्।

केन्द्रिय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोही अवधिमा एक हजार ५७ जनाको कोरोनाका कारण मृत्यु भएको जनाएको छ।

भारतमा अहिलेसम्म कोरोनाका कारण मृत्यु भएकाहरुको संख्या ६१ हजार ५२९ पुगेको मन्त्रालयका अधिकारीले जनाएका छन्।

विश्वभरी महामारीका रुपमा फैलिएको कोरोनाभाइरसबाट भारतमा अहिलेसम्म झण्डै ३४ लाख मानिस सङ्क्रमित भएका छन्। मन्त्रालयको तथ्यांकअनुसार देशभरी अहिलेसम्म ३३ लाख ८७ हजार ५०१ जना सङ्क्रमित भएका हुन्।

कुल सङ्क्रमित मध्ये सात लाख ४२ हजार २३ जना अझै पनि सङ्क्रमित अवस्थामै रहेका छन् भने अरु २५ लाख ८३ हजार ९४८ जना सङ्क्रमणमुक्त भएका छन्।

सबैभन्दा धेरै सङ्क्रमित रहेको महाराष्ट्र प्रदेशमा सङ्क्रमितको संख्या एक लाख ७८ हजार ५६१ पुगेको छ।

त्यसैगरी दोस्रो धेरै प्रभावित रहेको आन्ध्र प्रदेशमा अहिले ९४ हजार २०९ जना सङ्क्रमित भएको मन्त्रालयले जनाएको छ।

### कोभिड-१९ विरुद्धको खोप खरिद गर्न युरोपेली आयोगले सम्झौता गऱ्यो

निकोसिया, १२ भदौ (रासस/सिन्ह्वा)।

युरोपेली आयोगले कोभिड-१९ को खोप निर्माण गरिरहेको कम्पनीसँग खोप किन्ने विषयमा सम्झौता गरेको बताइएको छ।

बताइएअनुसार उक्त खोप बनाएको भनिएको 'फर्मास्युटिकल कम्पनी आस्ट्रा जेनेका'सँग सो सम्झौता गरेको हो।

युरोपेली आयोगका स्वास्थ्य तथा खाद्य सुरक्षासम्बन्धी प्रमुख स्टेला कियाकिदेशले उक्त कोभिड-१९ को खोप निर्माण गरिरहेको कम्पनीसँग खोप किन्ने विषयमा बिहीबार सो सम्झौता गर्नुभएको हो।

प्रमुन निकोसियाले उक्त कम्पनीसँग खोप खरिद गर्ने विषयमा आफूले सम्झौतामा हस्ताक्षर गरेको एक टेलिभिजन सम्बोधनका क्रममा जानकारी दिनुभएको हो।

सो सम्बन्धी सम्झौतापत्रमा बिहीबार आयोगको कार्यालय परिसरमा नै हस्ताक्षर भएको पनि उहाँले बताउनुभयो।

सम्झौता पत्रमा उक्त कम्पनीसँग युरोपेली आयोगले ३० करोड भायल खोप किन्ने बारेमा सहमति गरेको हो। उक्त खोप युरोपेली युनियनले खरिद गर्न सक्नेछ।

सम्झौता पत्रमा उक्त खोप युरोपेली युनियनका सदस्य राष्ट्रले नै खरिद गर्न पाउने छन्। उक्त कम्पनीले अक्सफोर्ड विश्वविद्यालयसँग मिलेर सो खोप उत्पादन गर्ने बताएको हो। यो खोप कोरोना भाइरसका विरुद्धमा दिइने छ।

उक्त खोप ट्रयलमा रहेको छ। कोभिड-१९ का खोप अरु देशले पनि विकास गरिरहेको बताएका छन् तर पनि अरुभन्दा यो बढी प्रभावकारी देखिएको बताइन्छ।

# छोटो अवधिमा सचिव सरुवा नगर्न प्रदेश कृषि मन्त्री साहको आग्रह

**दैनिक समाचारदाता**
**राजविराज, १२ भदौं ।**

प्रदेश २ का भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्रप्रसाद साहले छोटो अवधीमा सचिवको सरुवा गर्ने प्रवृतीले मन्त्रालयको कामकाजमा बाधा पुगिने गरेको बताएका छन् ।

मन्त्री साहले शुक्रबार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री हृदयत्र त्रिपाठीलाई एक पत्रमार्फत छोटो अवधिमा सचिव सरुवा नगर्न आग्रह गरेका छन् ।

पछिल्लो २ बर्षमा मन्त्रालयमा ६ जना सचिवको सरुवा र पदस्थापन गरिएको भन्दै मन्त्री साहले यसले कामकाज प्रभावित भएको पत्रमा उल्लेख गरेका छन् ।

प्रदेश २ मा सरकार गठन भएयता कर्मचारी व्यवस्थापन तथा परिचालनमा संघ सरकारको उदासीनता, निरपेक्षता र हेलचेक्रयाइँका कारण प्रदेशमा



मन्त्रालयका कार्य सञ्चालनमा कष्ट भोग्नुपरेको मन्त्री साहले पत्रमा उल्लेख गरेका छन् ।

मन्त्रालयका उच्च अधिकारीले प्रदेश सरकारका कार्यक्रम कार्यान्वयन प्रक्रिया अघि बढाउन नपाउँदै सरुवा गर्ने प्रवृत्तिले काम गर्ने सचिवहरूको मनोबल कमजोर हुनुका साथै उनीहरूका छोटो कार्यकालसमेत फितलो हुँदै गएको पत्रमा उल्लेख छ ।

कोरोना महामारीको अहिलेको जटिल, असहज र प्रतिकूल अवस्थामा मन्त्रालयले किसानको ऋण मिनाहा, धानबालीमा लागेका रोग नियन्त्रण, मलखाद व्यवस्थापन लगायतका जीवनसँग जोडिएका महत्वपूर्ण र अत्यावश्यक काम गर्नुपर्ने अवस्थामा तीन/तीन महिनामा सचिव परिवर्तन हुँदा प्रदेश सरकारले लक्ष्य बमोजिमका कार्य सम्पन्न गर्न गाह्रो भएको पत्रमा जनाइएको छ ।

# मन्दिर निर्माणमा अनियमितता

**दैनिक समाचारदाता**
**राजविराज, १२ भदौं ।**

सप्तरीको महादेवा गाउँपालिका वडा नं. १ मा रहेको हनुमान मन्दिर निर्माणका क्रममा अनियमितता भएको जनाइएको छ ।

सो वडास्थित गुडकुन मण्डलको घर नजिक रहेको हनुमान मन्दिर निर्माणका क्रममा हालसम्म ८ लाख रकम बिनियोजन भइसक्दा समेत मन्दिरको फाउण्डेशनसम्म मात्र निर्माण भएको स्थानियले बताएका छन् ।



मन्दिर निर्माणका लागि गाउँपालिकाले उदयचन्द्र निर्माण सेवा तिरहुत १ त्रिकौललाई ५ लाख बराबरको लागतमा कोटेशनमा सम्झौता गरेको थियो । सम्झौता अनुसार निर्माण सेवाले कामै नगरी अनियमितता गरेको स्थानिय रामदेव मण्डलले आरोप लगाए ।

गत आ.व. मा समेत ३ लाख रकम सो मन्दिर निर्माणको लागि छुट्याएको थियो । तर, हाल सम्म जमिनबाट फाउण्डेशनका केही माथीसम्मको काम मात्र सम्पन्न भएको छ ।

## प्रदेश सरकारद्वारा ...

कोरोना परिक्षण सुस्त बनेको थियो । सप्तरीहालसम्म १३ हजार ३ सय ७२ जनाको स्वाब संकलन गरि परिक्षण गरिसकिएको छ ।

जिल्लामा दैनिक कोरोना संक्रमित थपिदै गई संक्रमितको सम्पर्कमा आएका तथा स्वेच्छाले पिसिआर गराउनेको संख्या समेत बढ्दै गएकाले प्रदेश सरकारसँग थप भिटिएम माँग गरिएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जानकारी दिए ।

सप्तरीमा हालसम्म ५ जनाको कोरोनाबाट ज्यान गइसकेको छ भने कुल संक्रमितको संख्या ७ सय ७९ पुगेको छ ।

यस्तै आइसोलेशनमा रहेका संक्रमितको संख्या २ सय ३५ रहेको छ भने निको भई डिस्चार्ज हुनेको संख्या ५ सय ४४ रहेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौं ।**

**समाचार प्रकाशन/प्रसारण गर्दा महिला र बालबालिकाका संवेदनशीलतालाई ध्यान दिऔं ।।**

**पत्रकार र सञ्चारमाध्यमले हिंसा, आतंक, अश्लिलता र अपराधलाई प्रश्रय दिने गरी समाचार सम्प्रेषण नगरौं ।।**

पत्रकार तथा सञ्चारमाध्यमले हिसा, र अपराधलाई प्रश्रय दिने वा आत्महत्या गर्न उक्साउने, अश्लिल, सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा त्रास उत्पन्न गर्ने किसिमका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिंकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिंकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

अनुरोधकर्ता - **मनोज बहरखेर**
**अध्यक्ष**
**तिरहुत गाउँपालिका, सप्तरी**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*